नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

ललितपुर | मानभवन

पत्र संख्या
चलानी नं.: ८३२६

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

मितिः२०८०।०२।०७

**अनुचित लेनदेन (मिटर ब्याज) पीडितहरुको निवेदन फाराम कार्यालयबाटै भर्न पीडित सहायता कक्ष सञ्चालन म्याद थप सम्बन्धी अत्यन्त जरुरी सूचना।**

अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९ सम्पर्क कार्यालय, गृह मन्त्रालय सिंहदरवार, काठमाडौंको मिति २०८०।०२।०५ को सूचना बमोजिम मिटर ब्याजी पीडितहरुले आफ्नो भएसम्मका सवुद प्रमाण सहित भएको व्यहोरा खुलाई **"अनुचित लेनदेन (मिटर ब्याज) पीडित सहायता कक्ष"** मा आई सम्पर्क गर्नु हुन जिल्लावासी सबै मिटर ब्याजी पीडितहरुमा अनुरोध छ।साथै, मिटर ब्याज पीडित व्यक्तिहरुका लागि आवश्यक निवेदन फाराम यस कार्यालयले निःशुल्क उपलव्ध गराउने तथा निवेदन फाराम कार्यालयकै कर्मचारीले भराईदिने प्रबन्ध गरिएको र अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोगबाट मिति २०८० जेष्ठ ०१ गतेदेखि ०७ गतेसम्म म्याद थप भई आएकोमा पुनः आयोगबाट मिति २०८० जेष्ठ १४ गतेसम्म म्याद थप भई आएकोले सो समयभित्र यस कार्यालयमा अनिवार्य रुपमा उपस्थित भई मिटर ब्याज पीडित सहायता कक्षमा सम्पर्क गरी निवेदन दर्ता गर्नुहुन सबै उजुरीकर्ताहरुलाई हार्दिक अनुरोध गरिन्छ।

२०८०।२।७

अमर दिप सुनुवार
सहायक प्रमुख जिल्ला अधिकारी